**आकाशवाणी समाचार- नेपाली**

मितिः १० अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम बंगालभरि परिवर्तनको लहर चलिरहेको छ र राज्यमा 'डबल इन्जिन सरकार' गठन हुने दाबी गर्नु भयो।

२. पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले आगामी विधानसभा चुनाउलाई प्रभावित पार्न एसआईआरमा 90 लाखभन्दा अधिक मतदाताहरूको नाम मतदाता सूचीबाट हटाएको आरोप लगाउनु भएको छ।

३. पश्चिम बंगालमा विधानसभा चुनावको दोस्रो चरणको लागि नामांकन पत्रहरूको छानबिन आज हुनेछ।

४. भाजपाका राष्ट्रिय अध्यक्ष नितिन नवीनले पश्चिम बंगालको विकासको लागि भाजपालाई सत्तामा ल्याउनु आवश्यक रहेकोमा जोड दिनु भयो।

५. यसपालीको चुनावमा खरसाङ विधानसभा समष्टिको लागि सातजना उम्मेदवारहरु चुनाउ मैदानमा उत्रिएका छन्।

**प्रधानमन्त्री नरेन्द्र मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो तृणमूल कांग्रेसमाथि कडा आक्रमण गर्नु हुँदै राज्यमा 'डबल इन्जिन सरकार' गठन हुने दाबी गर्नु भयो। उहाँले भन्नु भयो, पश्चिम बंगालभरि परिवर्तनको लहर चलिरहेको छ र यो परिवर्तन अब "पत्थर की लकीर" बनेको छ। आसनसोलमा एक चुनावी सभालाई सम्बोधन गर्नुम हुँदै प्रधानमन्त्री मोदीले भन्नु भयो, पश्चिम बर्धमानका जनताको उत्साह र ठूलो सहभागिताले सम्पूर्ण बंगाल परिवर्तन चाहन्छ भन्ने स्पष्ट संकेतको रूपमा काम गर्दछ। उहाँले घोषणा गर्नु भयो, "टीएमसीको पापको कप भरिएको छ" र आगामी चुनावले राज्यको भविष्यलाई नयाँ दिशामा डोऱ्याउन महत्वपूर्ण साबित हुनेछ। उहाँले विश्वास व्यक्त गर्नु भयो, ४ मईपछि राज्यमा नयाँ सरकार गठन हुनेछ, जसले बंगाललाई विकासको नयाँ युगमा प्रवेश गराउँछ।

**बाइट**

**मुख्यमन्त्री ममता ब्यनर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनर्जीले आरोप लगाउनु भएको छ कि विशेष गहन पुनरीक्षण अवधि भारतीय जनता पार्टी (भाजपा)-ले 90 लाखभन्दा अधिक मतदाताहरूको नाम मतदाता सूचीबाट हटाएको छ ताकि आगामी विधानसभा चुनाउलाई प्रभावित पार्न सकियोस्। उहाँले भन्नु भयो, उहाँको पार्टीले यस मामिलामा अदालतमा चुनौती दिनेछ। उहाँले पुनः सत्तमा फर्किने पूर्ण भरोसा पनि व्यक्त गर्नु भयो। उत्तर 24 परगना जिल्ला अन्तर्गत मिनाखाँको हाड़ोया सर्कस मैदानमा आयोजित एक जनसभालाई सम्बोधन गर्नु हुँदै मुख्यमन्त्री ममता ब्यनर्जीले दाबी गर्नु भयो, व्यापक रूपमा नाम हटाएर चुनावी सन्तुलनलाई बिगार्ने प्रयाास गरिएको छ। उहाँले भन्नु भयो, तपाईहरूले बंगालमा सत्ता हासिल गर्नको लागि 90 लाखभन्दा अधिक मानिसहरूको नाम हटाइदिनु भएको छ, तर पनि हाम्रो जीत हुनेछ।
उनले यो पनि भन्नु भयो, उहाँको सरकारले कानूनी कदम उठाएर यो सुनिश्चित गर्नेछ कि हटाइएका योग्य मतदताहरूको नाम पुनः

सूचीमा सामेल गराइयोस्।

**पश्चिम बंगाल – विधानसभा चुनाव**

पश्चिम बंगालमा विधानसभा चुनावको दोस्रो चरणको लागि नामांकन पत्रहरूको छानबिन आज हुनेछ। यस चरणमा १४२ सिटका लागि नामांकन पत्रहरू दर्ता गर्ने अन्तिम मिति हिजो समाप्त भयो। नमनाकंन फिर्ता लिने अन्तिम मिति १३ अप्रेल हो। भारतीय जनता पार्टीका प्रमुख विपक्षी नेता शुभेन्दु अधिकारी र तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जी दोस्रो चरणको चुनावमा एकअर्का विरुद्ध प्रतिस्पर्धामा छन्।दोस्रो चरणको मतदान २९ अप्रेलमा हुनेछ।
यसैबीच, पहिलो चरणको मतदानको लागि नामांकन पत्रहरू फिर्ता लिने अन्तिम मिति हिजो समाप्त भयो। यस चरणमा १५२ सिटका लागि जम्मा १ हजार ५ सय ८६ उम्मेदवारहरूले २ हजार ३ सय ४ नामांकन पत्रहरू दर्ता गरे। यी निर्वाचन क्षेत्रहरूको लागि मतदान २३ अप्रेलमा हुनेछ।

**भाजपाका राष्ट्रिय अध्यक्ष नितिन नवीन**

पश्चिम बंगालको वर्तमान सरकारलाई लक्षित गर्दै भाजपाका राष्ट्रिय अध्यक्ष नितिन नवीनले राज्यमा परिवर्तनको लागि अपील गर्नु भयो। हिजो मालदामा आयोजित पार्टी बैठकमा उहाँले तृणमूल कांग्रेसमाथि कडा आक्रमण गर्नु भयो। श्री नितिन नवीनले आरोप लगाउनु भयो, तृणमूल शासनमा 'मा, माटी, मानुष' को त्रिकोण - तीनै - खतरामा छन्। उहाँले भन्नु भयो, राज्यमा महिलाहरूको सुरक्षा जोखिममा छ, घुसपैठकर्ताहरूले भूमि अतिक्रमण गरिरहेका छन् र जनता बेरोजगारीसँग जुधिरहेका छन्। राज्यको औद्योगिक परिदृश्यमा चिन्ता व्यक्त गर्नु हुँदै उहाँले भन्नु भयो, बंगाल - एक समय विकसित क्षेत्र - अब उद्योगबाट वञ्चित भएको छ, जसले गर्दा युवाहरूलाई रोजगारीको अवसर छैन। फलस्वरूप, जनताको निर्भरता लगभग पूर्ण रूपमा सरकारी भत्तामा सरेको छ।

उहाँले राज्यको कला, संस्कृति र खेलकुद क्षेत्रहरूको बारेमा पनि सरकारको आलोचना गर्नु भयो| तृणमूलको प्रशासनमा यी क्षेत्रहरूमा विकास रोकिएको दाबी गर्नु भयो। यसबाहेक, उहाँले प्रधानमन्त्रीको नेतृत्वलाई सुदृढ पार्न र राज्यमा 'डबल इन्जिन' सरकार स्थापना गर्न आह्वान गर्नु भयो। उहाँले पश्चिम बंगालको विकासको लागि भाजपालाई सत्तामा ल्याउनु आवश्यक रहेकोमा जोड दिनु भयो।

**मिथुन चक्रवर्ती**

पश्चिम बंगालमा चुनावी उत्साहकाबीच मिथुन चक्रवर्तीले हिजो फलाकाटा विधानसभा क्षेत्रभित्र पर्ने मडजबिलको रास मेला मैदानमा आयोजित सार्वजनिक र्‍यालीमा भाजपा उम्मेदवार दीपक बर्मनको समर्थनमा प्रचार गर्न उपस्थित हुनु भयो। आफ्नो भाषणमा उहाँले तृणमूल सरकारमाथि कडा आक्रमण गर्नु भयो। कुचबिहारबाट साँझ सडक मार्गबाट फलाकाटा र्‍यालीमा पुग्नु भएको बलिवूड अभिनेता मिथुनले राज्यमा रोजगारीका अवसरहरूको गम्भीर अभाव रहेको र जनतालाई विभिन्न भत्ताहरूमा मात्र निर्भर राखिएको दाबी गर्नु भयो।उहाँले विशेष गहन संशोधन एसआईआरको मुद्दामा सत्तारुढ दलको पनि आलोचना गर्नु भयो।

**खरसाङमा सीपीआईएमको चुनाउ कार्यालय उद्घाटन**

सीपीआईएमले खरसाङ विधानसभा समष्टिको लागि उम्मेदवार उत्तम शर्माको पक्षमा बिहिवार खरसाङमा चुनाउ कार्यालय उद्घाटन गरेको छ। खरसाङको पंखाबारी रोड नजिक चुनावी कार्यालयको उद्घाटन गरियो। उक्त पार्टी कार्यालय उद्घाटन कार्यक्रममा दार्जिलिङ जिल्ला सचिव एवं पूर्व सांसद समन पाठक, जिल्ला सचिव मण्डली सदस्य सचिन खाती, चेतन गुरुङ, दीपक सोनार, सुभाषना खाती अनि नरेन्द्र प्रधान उपस्थित रहेका थिए।
चुनाउ कार्यालय उदघाटनपछि पत्रकारहरूसित कुराकानी गर्नु हुँदै सीपीआईएमको उम्मेदवार उत्तम शर्माले भनु भयो, बंगालमा वर्तमानमा अराजकता बढेको छ। यहाँ एउटा पक्षद्वारा लुटको राजनीति चलिरहेको छ भने अर्कोतर्फ घृणा र अविश्वास फैलाउने राजनीति चलिरहेको छ। यहाँ आम जनताको गोजी रित्तो भइरहेको छ भने सत्तारुढ दलका नेतृत्वहरू फस्टाइरहेका छन्। माकपा चाहन्छ कि यहाँ श्रमिक अनि किसानले न्याय पाउन्, महिलाहरूले सम्मान पाउन्। उहाँले अघि भन्नु भयो, दार्जिलिङ पहाडी क्षेत्रमा एउटा राजनीतिक दलले मानिसहरूलाई केवल झुठो आश्वासन दिने कार्य गरिरहेको छ भने अर्को दलले लट्ठी देखाएर राजनीति

गरिरहेको छ। यहाँ व्यापक भ्रष्टचार अनि लुट चलिरहेको छ। झूटो आश्वासन दिएर जन मानसलाई ठग्ने अनि भ्रमित बनाउने कार्य भइरहेको छ।

**खरसाङमा सातजना उम्मेदवारहरु चुनाउ मैदानमा**

यसपाली पहाडका तीनवटा सिटहरुमध्ये खरसाङ विधानसभा समष्टिमा चुनाउ निक्कै रोचक बन्दै गइरहेको छ। खरसाङ विधानसभा समष्टिको लागि सातजना उम्मेदवारहरु चुनाउ मैदानमा उत्रिएका छन्। नामाङ्कन पत्र बुझाउने अन्तिम दिन गत 6 अप्रेलसम्म 9 जना उम्मेदवारहरु थिए। हिजो बिहिवार आफ्नो उम्मेद्वारिता फिर्ता लिने अन्तिम दिन दुई उम्मेदवारले आफ्नो उम्मेद्वारिता फिर्ता लिएका छन्। यसपछि, अब खरसाङ विधानसभा समष्टिमा सातजना उम्मेदवारहरु चुनावी मैदानमा रहेका छन्। सातजना उम्मेदवारहरुमा भारतीय जनता पार्टीका सोनाम लामा, पहाडको सत्तारुढ दल भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अमर लामा, इण्डियन नेशनल कंग्रेसका सरोजकुमार खत्री, सीपीआईएमका उत्तम शर्मा, इण्डियन गोर्खा जनशक्ति फ्रण्टकी बन्दना राई तथा दुईजना निर्दलीय उम्मेदवार सुमेन्द्र तामाङ र मोहन शर्मा सामेल छन्।
खरसाङ विधानसभा समष्टिका मतदाताहरुले यी सातजना उम्मेदवारहरूमध्ये कसलाई खरसाङका विधायक चुन्ने हुन्, यो मतगणनापछि मात्र स्पष्ट हुनेछ। यद्यपि, अहिले सबै पार्टी र निर्दलीय उम्मेदवारहरू समष्टिका विभिन्न स्थानहरुमा पुगेर आफ्नो चुनाउ प्रचार जोडतोडले गरिरहेका छन्।

**भाजपा उम्मेदवार सोनाम लामा**

खरसाङ विधानसभा समष्टिको लागि भारतीय जनता पार्टीको उम्मेदवार सोनाम लामाले हिजो टुङ सन्तमेरी समष्टि अन्तर्गत विभिन्न स्थानहरुमा आफ्नो चुनाउ प्रचार गर्नु भयो। यस क्रममा उहाँले घरदैलो भ्रमण गर्नु हुँदै स्थानीय जनतासँग भेटघाट गर्नुका साथै उनीहरूका समस्या, आवश्यकता तथा सुझाउहरू ध्यानपूर्वक सुन्नु भएको जानकारी प्राप्त भएको छ।

**पोस्टर विवादमा चारजना आरोपीहरू समातिए**

नक्सलबाड़ीको रायपाड़ा क्षेत्रमा पोस्टर च्यातिएको मामिलामा पुलिसले तृणमूल कंग्रेस र भाजपा दुवै दलका चारजना मानिसहरूलाई पक्राउ गरेको छ। वास्तमा बिते राती रायपाड़ा क्षेत्रमा तृणमूल कंग्रेस र भारतीय जनता पार्टीबीच पोस्टर च्यातेको विषयलाई लिएर चर्को विवाद भयो। आरोप छ, तृणमूलको पोस्टर च्यातिएपछि दुवै दलबीच हातपात शुरू भयो जसमा दुवै पक्षका केही मानिसहरू घाइते भए।

****** ० ******